**आ.व. ०७९/८० को पाँचौ बैठक**

आज मिति २०७९ साल मंसिर २० गते मंगलबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसीलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पूर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री लासाङ तामाङ | सदस्य-सचिव | ९८४४६६६४३३ | |

**अन्य**

सहायक पाँचौ श्री शिव कुमार काम्बाङ, प्रशासन शाखा

लेखा शाखा प्रमुख श्री शम्भु श्रेष्ठ

का.स. श्री धन बहादुर बुढाथोकी

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा।

२. जग्गा वर्गीकरण सम्बन्धमा।

३. जनता आ.व., थुम्वेदिनको भवन निर्माणको लागि साझेदारी गर्ने सम्बन्धमा।

४. आ.व. ०७९/०८० मा स्वीकृत भएका ठेक्काहरु सम्बन्धमा।

५. सामाजिक सुरक्षा भत्ता सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं-.१**

प्रस्ताव नं-.१ माथी छलफल गर्दा मिति: 2079/07/ गते बसेको 21पाँचौ कार्यपालिकाको बैठकको निर्णयहरुको तपसिल बमोजिम समिक्षा गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**तपसिल:**

१. निर्णय नं-.१ कार्यान्वयनको क्रममा रहेको । -
२. निर्णय नं-.२ कार्यान्वयनको क्रममा रहेको । -
३. निर्णय नं-.३ -कार्यान्यिन भएको ।

**निर्णय नं.२**

प्रस्ताव नं.-२ माथी छलफल गर्दा भू-उपयोग ऐन, २०७६ र नियमावली,२०७९ को व्यवस्था अनुरुप यस पाथीभरा याङवरक गाउँपालिकाको भू-उपयोग वर्गीकरण योजना तयार गर्नको लागि आ-आफ्नो वडाको भू-उपयोग वर्गीकरण योजना मिति: २०७९/०९/१० गते सम्म तयार गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-३**

प्रस्ताव नं.-३ माथी छलफल गर्दा श्री जनता आ.वि., थुम्वेदिनमा ८ कोठे भवन निर्माण गर्नको लागि युनाइटेड वर्ल्ड स्कुल (UWS) सँग बजेटको सुनिश्चित गरी लागत साझेदारी गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-४**

प्रस्ताव नं.-४ माथी छलफल गर्दा यस चालु आ.व. ०७९/०८० मा स्वीकृत भएका गाउँपालिका तथा वडा अन्तर्गतका ठेक्का आव्हान भई बाँकी रहेका योजनाहरु कोटेशन विधिबाट ठेक्का आव्हान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-५**

प्रस्ताव नं.-५ माथी छलफल गर्दा यस गाउँपालिकामा सामाजिक सुरक्षाभत्ता बैंक मार्फत विवरण भई रहेकोमा लाभग्राहीलाई भत्ता लिनको लागि समस्या आई गुनासो आएको हुँदा सो सम्बन्धमा वैकल्पिक माध्यमको लागि बैंकलाई पत्र लेख्ने सर्वसहमतिले निर्णय गरियो ।